# बाँझो जग्गा उपयोग अनुदान कार्यविधि – २०७८

**भाग -२** **खण्ड:४** **संख्या:१**

**पारित भएको मिति:२०७८/०१/०६**
**प्रकाशन मिति:२०७८/०१/०९**

## बाँझो जग्गा उपयोग अनुदान कार्यविधि — २०७८

आरुघाट गाउँपालिका अन्तर्गत कृषि योग्य जमिनको उपयोग गरी अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गरी कृषि व्यवसायबाट स्वोरोजगारी सिर्जना गरी सम्भावित भोकमरी कुपोषण निर्मुल गरी पोषण ,खाद्य सुरक्षा खाद्य सम्प्रभुतालाई प्रवर्द्धन गर्नको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ण (१)ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद -१**

**क) संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्य बिधि को नाम बाँझो जग्गा उपयोग अनुदान कार्यविधि -२०७८ रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि आरुघाट गाउँपालिका भर लागू हुनेछ ।

**परिच्छेद -२**

**ख) बिषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा ,**

क) गाउँपालिका भन्नाले आरुघाट गाउँपालिका जनाउँछ ।

ख) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

ग) कृषि शाखा भन्नाले आरुघाट गाउँपालिका कार्य बिभाजन नियामावली २० को अनुसुची — बमोजिम उल्लेखित कृषि शाखा लाई जनाउँछ।

घ) समिति भन्नाले कृषक छनौट समितिलाई जनाउँछ ।

ङ) बाँझो जमिन भन्नाले कृषि योग्य भुमि भएर पनि कम्तिमा ३ वर्ष देखि खेती नभई खाली रहेको जमिनलाई जनाउँछ ।

च) खाद्यान्न बाली भन्नाले धान ,मकै ,गहुँ ,जौ ,कोदो लगायतका बालीलाई जनाउँछ ।

छ) तरकारी बाली भन्नाले साग सब्जी, सिमी, बोडी, काउली, फर्सी लगायतका बालीलाई जनाउँछ ।

ज) मसला बाली भन्नाले खुर्सानी ,जिरा , धनिया लगायतका बालीलाई जनाउँछ।

झ) फलफुल बाली भन्नाले केरा ,सुन्तला , आँप ,लिच्ची लगायतका अन्य फलफुल बालीलाई जनाउँछ ।

ञ) लाभग्राही किसान भन्नाले छनौट समितिले छनौट गरेका बाँझो जग्गामा खेती गर्नक लागि करार भएका किसान लाई जनाउँछ ।

**परिच्छेद -३**

**ग) बाँझो जग्गाको लगत राख्ने :**

क) यो कार्यविधि प्रारम्भ भएको १५ दिन भित्र बाँझो जग्गाको लगत राख्ने काम प्रारम्भ हुनेछ ।

ख) बाँझो जग्गाको एकिकृत लगत राख्ने मुख्य काम गाउँपालिकाको कृषि शाखाले गर्ने छ ।

ग) लगत राख्ने काम अनुसूची -१ वमोजिमको ढाँचामा राख्नु पर्ने छ ।

घ) यस आरुघाट गाउँपालिका भित्र लगत राख्ने प्रयोजनको लागि जुनसुकै खेतीयोग्य जमिन खाली रहेको विवरण उपलब्ध गराउन गाउँपालिका कृषिशाखा ले प्रत्यक वडा कार्यालय मार्फत सार्वजनिक ७ दिने सुचना प्रकाशित गर्ने छ ।

ङ) नियम (घ) बमोजिम सार्वजनिक सुचना जारि भए पछि आफ्नो बाँझो जग्गाको विवरण उपलव्ध अनिवार्य रुपमा नजिकको वडा कार्यालयलाई सम्भावित जग्गाधनी वा नजिकको हकवालाले गर्नुपर्ने छ।

च) नियमावली बमोजिम बाँझो जग्गाको विवरण उपलब्ध वडा कार्यालय वा गाउँपालिका कार्यालय लाई जानकारी नगराएको खण्डमा प्रति रोपनी २०० रुपैया जरिवाना गरीनेछ ।

छ) कृषियोग्य जमिन हो होइन भन्ने विषयमा विवाद उत्पन्न भएमा मालपोत कार्यालयमा रहेको दर्ता श्रेस्ता अनुसार अन्तिम निर्णय गाउँपालिका न्यायिक समितिले गर्ने छ ।

ज) बाँझो जग्गाको लगत राख्ने क्रममा जग्गाधनीलाई अनुसूची-३ बमोजिमको फारम अनिवार्य रुपमा भराउन पर्नेछ ।

## परिच्छेद -४

### घ) अनुदान उपलब्ध गराउने आधारहरु

क) तीन वा तीन भन्दा बढी वर्ष खेती नगरी खाली भएको जमिनलाई मात्र अनुदान उपलब्ध गराइने छ ।

ख) तीन वा तीन भन्दा बढी वर्ष खेती नगरी बाँझो रहेको जग्गामा यस कार्यविधि बमोजिमको सर्त र मापदण्ड बमोजिम खेतीपाती गरेमा स्वयम जग्गाधनी निजको अंशियार वा सो को भन्दा बाहेकको जो कोही व्यक्ति वा फर्मले खेती बाली लगाएको अवस्थामा समेत अनुदान दावी गर्न सक्नेछन।

ग) अनुदान सम्बन्धी मापदण्ड अनुसूची -२ बमोजिम हुनेछ ।

घ) अनुदान उपलब्ध गराउदा वडा कार्यालयको अनुगमन प्रतिवेदनलाई आधार बनाईनेछ ।

**ङ) बजेट सम्बन्धी व्यवस्था**

क) बाँझो जग्गामा खेतीपाती गर्ने कृषकहरुलाई उपलब्ध गराइने बजेटको व्यवस्था गाउँसभाले गर्नेछ ।

ख) अनुदान स्थानीय बजेट भित्र समावेश गरेर उल्लेखित मापदण्डको आधारमा मात्र उपलब्ध गराइनेछ ।

**परिच्छेद -५**

**च) भुक्तानी प्रक्रिया**

**अनुदान रकम र भुक्तानी प्रक्रिया देहायबमोजिमको आधारमा हुनेछ ।**

क) कार्यक्रम संचालनको लागि अनुसूचीमा उल्लेखित भएको मापदण्डको आधारमा अनुदान प्रदान गरीनेछ ,अन्य स्रोत आवेदक आफैले व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदान दावी गर्दा देहाय बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

१) वडा स्तरीय अनुगमनको प्रतिवेदन / सिफारिस

२) निवेदन

३) स्वघोषणा

४) नागरीकता को फोटोकपी

५) जग्गाधनी लालपुर्जाको फोटोकपी

६) जग्गा बिगत ३ वर्ष देखि बाँझो हो भनि सधियारहरु को सर्जिमिन मुचुल्का

**७ ) जमिन भाडामा दिनुपर्ने बाध्यकारी अवस्था बारे**

आफुले आफ्नो बाँझो जमिन खेती गर्न असमर्थ भएमा गा.पा. ले तोकेको दरमा निजले इच्छुक व्यक्तिलाई / वडा कार्यालयले सिफारिस गरेको व्यक्तिलाई अनिवार्य खेती गर्न दिनुपर्ने छ ।

**स्पष्टीकरण** : बाँझो जमिनको भाडा खेतको रु ५०० प्रति रोपनी र पाखो बारीको रु ४०० प्रति रोपनी ।

## परिच्छेद -६

### छनौट प्रक्रिया

**८) सार्वजनिक सुचनाजारी भएपछि प्राप्त निवेदनको आधारमा छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।**

क) बाँझो जमिनमा खाद्यान्न वा नगदे बाली लगाउन चाहने कृषकले सार्वजनिक सुचना प्रकाशित भएको २१ दिन भित्र नजिकको वडा कार्यालय वा गाउँपालिकाको कृषि शाखामा निवेदन दिन सकिन्छ ।

ख) निवेदन संकलन भइसकेपछि छनौट प्रक्रिया आरम्भ हुनेछ । उपलब्ध जमिनको अवस्था र निवेदकको संख्यासँग सन्तुलन कायम गरी लाभ ग्राही किसानको छनौट प्रक्रिया शुरु हुनेछ ।

ग) छनौट प्रक्रिया दर्ता किसान वा कृषि फर्म र असंगठित क्षेत्रमा रोजगारी गुमाएका किसान तथा विपन्न मानिसहहरुलाई प्राथमिकता दिइनेछ ।

घ) नियम ३ बमोजिम विपन्न किसान छनौट गर्दा हालै मात्र कोभिड -१९ को लकडाउनको समयमा राहत वितरण गर्दाको समयमा राहत पाउने व्यक्तिहरुको मापदण्ड लाई आधार बनाइनेछ ।

**९)उपनियम क,ख,ग ,घ ,बमोजिम कृषकहरुको छनौट गर्न देहाय बमोजिम एक समिति रहनेछ ।**

१) गाउँ पालिका अध्यक्ष — संयोजक

२) आर्थिक विकास समितिको संयोजक —सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

४) गाउँपालिका को प्रशासन सेवाको अधिकृत —सदस्य

५) कृषि शाखा प्रमुख —सदस्य सचिव

बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्ने छ । बैठक अवश्यकता अनुसार अध्यक्षले तोकेको समय र अवश्यकता बमोजीम बस्नेछ ।

**९) नियम ८ बमोजिम छनौट भएका लाभ ग्राही किसान वा कृषक बीच गाउँपालिका कृषि शाखा र करार सम्झौता कम्तिमा दुई वर्षको हुनेछ । सो करार सम्झौताका शर्तहरु देहाय वमोजिम हुनेछ ।**

क) कम्तिमा २ वर्षको खेती गर्नु पर्ने छ ।

ख) जग्गाको प्रयोग असल नियतले गर्नुपर्ने छ ।

ग) जग्गा धनीको अनुमति बेगर जग्गाको कुनै भौतिक स्वरुपमा परिवर्तन गर्न पाइने छैन ।

घ) जग्गा जमिनको उत्पादन र उत्पादकत्व सन्तुलित हुने गरी प्रयोग गर्नु पर्न छ ।

ङ) करार सम्झौता भंग गरेमा पाउने सम्भावित अनुदान बराबरको जरिवाना गर्न सकिनेछ ।

**१०) समितिको सचिवालय सम्बन्धी व्यवस्था :**

क) छनौट समितिको सचिवालय कृषि शाखामा

ख) सचिवालयले यस कार्यविधि कार्यान्वयन गर्ने , छनौट समितिको निर्णय कार्यान्वयन गर्नुका अतिरिक्त अन्तर शाखा समन्वय वडा कार्यालयसंग समन्वय गर्ने काम गर्नेछ ।

**११) संसोधन :** यस कार्यविधिको संसोधन अवश्यकता बमोजिम गाउँकार्यपालिकाले गर्नेछ ।

**१२) बाधा अड्काउ फुकाउ :** यस कार्य विधि कार्यानवयनमा दुविधा आएमा गाउँ कार्यपालिकाले तत् विषयमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

**अनुसूची -१**

| क्र.स. | जग्गाधनी नाम सहित तीनपुस्ते विवरण | जग्गाधनीको ठेगाना | जग्गा अवस्थित | कि. नं. | क्षेत्रफ़ल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची -२**

| बालीको नाम | अनुदान /प्रतिरोपनी | कैफियत |
|---|---|---|
| खाद्यान्न बाली | २००० | जग्गाको क्षेत्रफ़ल र उत्पादकत्व समेत अनुगमन प्रतिवेदन समेतलाई आधार बनाईनेछ । |
| तरकारी बाली | २००० | |
| मसला बाली | २००० | |
| फलफुल बाली | २००० | |

**अनुसूची -३**

**आरुघाट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**आरुघाट गोरखा ,**

**बाँझो जमिन तथ्यांक संकलन फारम**

१) वडा नम्बर :

२) टोल/बस्तीको नाम :

३) जग्गाधनीको नाम :

४) हाल जग्गाधनी स्थायी रुपमा बस्ने ठेगाना :

गाउँमा ☐ जिल्ला भित्र तर अन्य ठाउमा ☐ जिल्ला बाहिर ☐

५) जमिन बाँझो हुनको कारण :

६) जग्गा धनि खेती सुरु गर्न इच्छुक छन् ?

छन् ☐ छैन ☐

७) यदी छन् भने योजन के कस्तो छ ?

८) यदि छैन भने खेती नगर्नु को कारण ?

९) के जग्गा धनि जग्गा अरुलाई भाडा मा दिन तयार छन् ?

छन् ☐ छैनन ☐

१०) बाँझो जमिन को कुल क्षेत्रफल ? (रोपनी)

११) सिंचाई सुविधा कस्तो छ ?

१२) बाँझो जमिनमा हुन सक्ने सम्भावित बालीको नाम

१३) उक्त बालीबाट हुनसक्ने अनुमानित उत्पादन

आज्ञाले
एकदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत